# स्थानीय राजपत्र


भाग- २

राइनास नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ९) तीनपिप्ले, लमजुङ मितिः २०८२/०२/२५ (संख्या ४ )


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा बमोजिम राइनास नगरपालिका (१), नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## राइनास नगरपालिका पूर्व निर्मित भवन नियमित तथा अभिलेखिकरण कार्यविधि,२०८१ को संशोधन कार्यविधि,२०८२

**प्रस्तावना :**

राइनास नगरपालिकाको पूर्व निर्मित भवन नियमित तथा अभिलेखिकरण कार्यविधि,२०८१ समसामयिक सुधार गरी कार्यविधि संशोधन गर्न आवश्यक भएकोले नगरकार्यपालिकाको मिति २०८२/०१/१० गतेको बैठकबाट कार्यविधिमा देहायबमोजिम संशोधन गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : यस कार्यविधिको नाम राइनास नगरपालिका पूर्व निर्मित भवन नियमित तथा अभिलेखिकरण संशोधन कार्यविधि,२०८२ रहेको छ ।

२. यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखी लागू हुनेछ ।

३. **कार्यविधिको दफा १० विविध को घ पछि बुंदा नं.ङ मा थप :** यो कार्यविधि वि.सं २०८२ पौष मसान्त सम्म लागु रहनेछ नियमित/अभिलेखिकरण कार्य कार्यविधि लागु हुने अवधि सम्म निर्माण भै पेश गरि प्रक्रियामा समेत अगाडी बढेका भवनहरूलाई मात्र भवन नियमित/अभिलेखिकरण प्रमाण पत्र प्रदान गरिनेछ।

४. **कार्यविधिको अनुसूची १० को बुंदा नं.१ मा संशोधन**

अनुसूची १० को बुदा नं.१ मा नगरपालिकामा नक्सा पास प्रकिया सुरू हुनु भन्दा अघि बनेका घरहरूको हकमा आर्थिक ऐन बमोजिम अभिलेखिकरण दस्तुर लिने **भन्नेको सट्टामा** हालको नक्सा पास सम्बन्धि राजस्वको तीन गुणा राजस्व लिने राखिएको छ ।

५. **कार्यविधिको अनुसूची १० को बुंदा नं.२ मा संशोधन**

अनुसूची १० को बुदा नं.२ को सट्टामा नगरपालिकामा नक्सा पास प्रक्रिया सुरू भएपछि प्रक्रियामा आएर ( नक्सा पास किताब लिएर १५ दिने सूचना टास भएका ) विभिन्न प्राविधिक कारणले नक्सा पास हुन नसकि बनेका तथा नक्सा पास प्रक्रियामा आएका तर नविकरण अवधि समेत पुरा भैसकेका भवनहरुको लागि राजस्व तिरिसकेको हकमाः हालको नक्सा पास सम्बन्धि राजस्वको तीन गुणा राजस्व बाट विगतमा तिरिसकेको राजस्व घटाई बाँकी राजस्व लिने र राजस्व नतिरेको हकमा हालको नक्सा पास सम्बन्धि राजस्वको तीन गुणा राजस्व लिने राखिएको छ ।

६. **कार्यविधिको अनुसूची १० को बुंदा नं.३ मा संशोधन**

अनुसूची १० को बुंदा नं.३ मा संशोधन नगरपालिकामा नक्सा पास प्रकिया सुरु भएपछी प्रकियामा नआइकन बनेका घर /भवन हरुको हकमा आर्थिक ऐन बमोजिम अभिलेखिकरण दस्तुर लिने भन्नेको सट्टामा हालको नक्सा पास सम्बन्धि राजस्वको तीन गुणा राजस्व लिने राखिएको छ ।

## राइनास नगरपालिकाको योजना अनुगमन, मूल्यांकन फरफारक एवं भुक्तानी सम्बन्धी कार्यविधि, २०७८ को संशोधन कार्यविधि,२०८२

राइनास नगरपालिकाको योजना अनुगमन, मूल्यांकन फरफारक एवं भुक्तानी सम्बन्धी कार्यविधि, २०७८ को समसामयिक सुधार गरी कार्यविधि संशोधन गर्न आवश्यक भएकोले नगरकार्यपालिकाको मिति २०८२/०१/१० गतेको बैठकबाट कार्यविधिमा देहायबमोजिम संशोधन गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम राइनास नगरपालिकाको योजना अनुगमन, मूल्यांकन फरफारक एवं भुक्तानी सम्बन्धी कार्यविधि, २०७८ को संशोधन कार्यविधि,२०८२ रहेको छ ।

२. यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखी लागू हुनेछ ।

३. कार्यविधिको दफा ४ खारेज गरिएको छ ।

४. **दफा ५ को उपदफा २(ङ) पछि संशोधन**

तर कार्यपालिकाले पदाधिकरीको कार्यचाप र कार्यवोझका आधारमा ३ लाख सम्मको बजेट विनियोजन भएका वा सो भन्दा कमका योजनाहरु वडा स्तरीय अनुगमन समितिबाट हुने गरी कार्य विभाजन गर्न सक्नेछ भन्नेको सट्टामा रु५ . लाख सम्मका योजनाहरुको अनुगमनको

अधिकार वडास्तरीय अनुगमन समितिमा राखी उक्त सीमा भन्दा बढी रकमका योजना नगर उप प्रमुखको संयोजकत्वमा रहेको नगरस्तरीय योजना अनुगमन तथा मूल्यांकन सिफारिस समितिबाटल गर्ने राखिएको छ ।

**आज्ञाले**
धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत